# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## I-READY READING

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

i-Ready Reading विद्यार्थीको क्षमता अनुसार अनुकूलन हुने कम्प्युटरमा आधारित नैदानिक मूल्याङ्कन हो जसले विद्यार्थीको पठनका सीपहरूको चाहे अनुसारको मूल्याङ्कन प्रदान गर्छ र समय अनुसार विद्यार्थीको विकास र प्रदर्शनलाई निगरानी गर्छ । विद्यार्थीको प्रतिक्रियाको ढाँचा अनुसार गतिशील रूपमा i-Ready Reading ले सीमित सङ्ख्याका परीक्षण सामाग्रीहरूबाट ठूलो मात्राको सूचना निकाल्छ: यसले जाँचलाई ग्रेड K-8 का पठनका मुख्य क्षेत्रहरूमा विद्यार्थीहरूका बलिया पक्षहरू र आवश्यकताहरू इङ्गित गर्न दिन्छ ।

राज्य समितिले i-Ready Reading लाई विद्यार्थीको पठनको उपलब्धि स्तर नाप्ने, विद्यार्थीको पठनका कमजोरीहरू परीक्षण गर्ने, थप चुनौतीका लागि ध्यान केन्द्रित गर्नु पर्ने क्षेत्रहरू/अवसरहरू पहिचान गर्ने र विद्यार्थीलाई प्रदान गरिने निर्देशन छुट्याउने जाँचको रूपमा स्वीकृत गरेको छ । Colorado READ Act अनुसार, i-Ready Reading का नैदानिक तथ्याङ्क ग्रेड स्तरभन्दा निकै कम स्तरमा पठन गरिरहेका विद्यार्थीहरूका लागि पठनका लक्षित हस्तक्षेप योजनाहरू (READ योजनाहरू) सिर्जना गर्न र राज्यको मूलभूत शैक्षिक गुणस्तरमा विद्यार्थीको बुझाइ जाँच गर्न प्रयोग गर्न सकिन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

Colorado को READ Act (पठनसम्बन्धी ऐन) अनुसार, परीक्षणका निश्चित अवधिहरूका दौरान K-3 का सबै विद्यार्थीहरूलाई अनिवार्य रूपमा राज्य समितिद्वारा अनुमोदित पठनको अन्तरिम मूल्याङ्कनमा जाँच गर्नु पर्छ । READ Act (पठनसम्बन्धी ऐन) सम्बन्धी परीक्षण अवधि शरद, मध्यवर्ष, र वसन्तमा छ हप्तासम्म चल्छ । किन्डरगार्टनका विद्यार्थीहरूले आफ्नो शरदको मूल्याङ्कन पूरा गर्न थप 30 दिन प्राप्त गर्छन् । राज्यको कानुन अनुसार, योग्यता स्तर भन्दा कम अङ्क प्राप्त गर्ने किन्डरगार्टन देखि ग्रेड तीनका विद्यार्थीहरूले आफ्नो पठनको क्षमता प्रमाणित गर्न एउटा देखि दुईवटा अतिरिक्त मूल्याङ्कनमा सहभागी हुनु पर्नेछ ।

**READ Act Testing Windows (पठनसम्बन्धी ऐनको परीक्षण अवधि):**

| | | |
|---|---|---|
| ग्रेड K – 12 | अगस्त अन्तिम – अक्टोबर अन्तिम | शरद |
| ग्रेड K – 12 | डिसेम्बर – मध्य फेब्रुअरी | मध्यवर्ष |
| ग्रेड K – 12 | मे | वसन्त |

विद्यालय अनुसार परीक्षण मिति फरक पर्न सक्छ । आफ्नो बच्चाको निश्चित परीक्षण मितिका लागि कृपया बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

i-Ready Reading मा दुईवटा मुख्य अङ्क हुन्छ:

- i-Ready को समग्र अङ्कले पठनका सबै क्षेत्रहरू (मूलभूत सीपहरू, शब्दावली, र बोध) को नैदानिक मूल्याङ्कनमा आधारित भएर विद्यार्थीको पठन क्षमता अनुमान गर्छ । स्केल अङ्क एउटा सातत्यमा 100 – 800 को दायरा भित्र पर्छ । यसले शिक्षकहरूलाई विद्यार्थीको प्रदर्शन तुलना गर्न र ग्रेड स्तर तथा क्षेत्रहरूमा विद्यार्थीको विकास मापन गर्न दिन्छ ।
- समग्र प्लेसमेन्ट स्तर - ले चयन गरिएको नैदानिक मूल्याङ्कनको नतिजाका आधारमा विद्यार्थीको कालक्रमिक ग्रेड भित्रको समग्र क्षमता निर्धारण गर्न ग्रेड-स्तरको प्लेसमेन्ट तालिका प्रयोग गर्छ । चारवटा सम्भावित प्लेसमेन्ट निम्न छन्:
  स्तर माथि | स्तरमा | स्तर भेट्दै | सुधार आवश्यक

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

i-Ready Reading मूल्याङ्कनले शिक्षकहरूलाई आफ्नो शिक्षण मागदर्शन र परिमार्जन गर्न महत्त्वपूर्ण तथ्याङ्क सङ्केत प्रदान गर्छ । i-Ready का अङ्कहरू तपाईंको बच्चा कुन स्तरमा पठन गरिरहेका छन् भनेर पहिचान गर्न, विद्यार्थीका बलिया पक्षहरू वा कमजोरीहरू अनुसार पठनका लक्ष्यहरू निर्धारण गर्न, विद्यार्थीको विकास अनुगमन गर्न, विद्यार्थी अनुसार निर्देशनहरू परिभाषित गर्न, विद्यार्थीको आवश्यकता अनुसार पठनका हस्तक्षेपहरू सिर्जना गर्न र तपाईंको बच्चालाई पठनमा अतिरिक्त सहयोग आवश्यक पर्छ कि भनेर निर्णय गर्न प्रयोग गर्न सकिन्छ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।